जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

सू.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक २२ २०७७ साल पुस १२ गते आइतवार (27 Dec 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** रिसका पाँच किसिम र ... **पृष्ठ ३ मा :** एक महिनाभित्रै ... **पृष्ठ ४ मा :** विद्यालय र स्वास्थ्य चौकीलाई ... **पृष्ठ ५ मा :** युथ क्रिकेट एकेडेमी र इजिवर्ल्ड ...

# प्रतिनिधिसभा विघटन बिरुद्ध जसपाद्वारा मसाल जुलुस प्रदर्शन



**राजविराज**/जनता समाजवादी पार्टी नेपाल सप्तरीले प्रतिनिधिसभा विघटनको बिरुद्धमा विगत पाँच दिनदेखी राजविराजमा निरन्तर प्रदर्शन गर्दै आइरहेको छ ।

अघिल्लो दिन शुक्रबार जसपाले प्रधानमन्त्री र राष्ट्रपतिको पुतला दहन गरेर आन्दोलनलाई निरन्तरता दिँदै आएको हो ।

यसैक्रममा जसपाले शनिबार प्रधानमन्त्री केपी शर्मा ओलीको कदमलाई असंबैधानिक भन्दै मसाल जुलुस प्रदर्शन गरेको छ । सो प्रदर्शनका क्रममा असंबैधानिक कदम फिर्ता लिन माग गरिएको छ ।

स्थानिय शिवमन्दिर प्राङ्गणबाट मसाल जुलुससशित निस्केका जसपाका नेता कार्यकर्ताले प्रधानमन्त्री र राष्ट्रपति बिरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका छन् ।

मसाल जुलुसको अघिपछि ठूलो संख्यामा सुरक्षाकर्मी खटिएका थिए । यद्दपी बिरोध कार्यक्रममा सुरक्षानिकायबाट कुनै हस्तक्षेप भने गरिएन् ।

मसाल जुलुसपछि स्थानिय नेता चौकमा आयोजित बिरोधसभालाई सम्बोधन गर्दै महिला नेतृ पुनम यादव, गिता यादव, रमिला साह, विद्यार्थी संघका केन्द्रिय अध्यक्ष किशोर यादव, यूवा सुधिर यादव, महेश यादव, लगायतका नेताहरुले प्रतिनिधि सभा विघटन गरेर प्रधानमन्त्री केपी ओलीले संविधान र प्रणालीमाथी नै प्रहार गरेको भन्दै अविलम्ब उक्त असंबैधानिक कदम फिर्ता लिन माग गरेका थिए । उनीहरुले असंबैधानिक कदम फिर्ता नभएसम्म चरणबद्ध रुपमा बिरोधका कार्यक्रम जारि रहने उद्घोष समेत गरे ।

# दुर्लभ वन्यजन्तु सालकसहित मोटरसाईकल नियन्त्रणमा



**सिरहा**/सिरहाको गोलबजारस्थित सशस्त्र प्रहरी बेश क्याम्पले संसारकै दुर्लभ मानिने अतिसंकटापन्ना स्तनधारी वन्यजन्तु सालकसहित एक मोंटरसाईकल नियन्त्रणमा लिएको छ ।

जिल्लाको गोलबजार नगरपालिका वडा नं. २ लालपुर फतिङ्ग्रा डाँडाबाट तस्करी हुदै छ भन्ने सुचना पाउन साथ सुरक्षा बेश गोलबजारबाट असई रामअयोंध्या महतो र बरिष्ठ हबल्दार रामबिर मण्डलको टोलीले सालहसहित मोटरसाइकल नियन्त्रणमा लिएको हो ।

स.१०प. ३३३० नम्बरको मोटरसाईकलमा सवार व्यक्ती तिब्रगतिमा भाग्न खोजेपछि असई महतो र हबल्दार मण्डलले पछयाउँदै जादा ती व्यक्तीले

*बाँकी अन्तिम पृष्ठमा*

# मृतक सवारी चालकका परिवारलाई आर्थिक सहयोग मेसु झाद्वारा मृतक पत्नीलाई जागिर र छोराछोरीलाई पठनपाठन गराउने घोषणा




**राजविराज**/दुर्घटनामा मृत्यु भएका गजेन्द्र नारायण सिंह अस्पताल राजविराजका सवारी चालक छोटेलाल यादवका परिवारलाई शनिबार अस्पतालको तर्फबाट आर्थिक सहयोग प्रदान गरिएको छ ।

दुई साताअघि मंसिर २३ गते उनको मोटरसाइकल दुर्घटनामा परि मृत्यु भएको थियो । अस्पतालका कर्मचारी र स्वास्थ्यकर्मीहरुले दुई दिनको तलब कटाएर सहयोग स्वरुप संकलन गरेको २ लाख ६० हजार रुँपैया मृतककी पत्नी सुनितालाई उनको घरमै पुगेर मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले प्रदान गरेका हुन् ।

रकम हस्तान्तरण गर्दै मेसु झाले मृतकका दुई छोराछोरीलाई

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय ....

# सबै एकजुट हुनु आवश्यक

अहिले देशमा राजनीतिक अस्थिरताको अवस्था रहेको छ । प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न गरेको सिफारिसलाई राष्ट्रपतिले अनुमोदन गरेपछि राजनीतिक अस्थिरता उत्पन्न भएको हो । प्रधानमन्त्रीको असंबैधानिक कदमको चौतर्फी आलोचना समेत भइरहेको छ । झण्डै दश महिनाको अवधीपछि कोरोना संक्रमितको संख्यामा केही कमी आएको बेला राजनीतिक अस्थिरताले पुन: मानिसमा एउटा बेग्लै त्रास उत्पन्न भएको छ । कोरोनाको त्रास कम नहुँदै राजनीतिक त्रासले कस्तो रुप लिने भन्ने कुरा समयले नै देखाउने छ ।

मुलुकलाई स्थित अवस्थामा ल्याउन सम्पूर्ण राजनीतिक दलहरुबीच राष्ट्रियप्रेम, राष्ट्रियएकता तथा एकमत हुनु पर्छ । बिरोधका साथ साथै समस्याको समाधान निकाल्नु पनि अहिलेको उत्तम विकल्प रहेको छ । यसका लागि सबैको सहमति पनि उत्तिकै आवश्यक छ ।

तसर्थ राष्ट्रिय हीतका लागि सबै जनता तथा राजनीतिक दलहरु एकसाथ अग्रसर भइ समस्या समाधानतर्फ अघि बढनु पर्दछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# रिसका पाँच किसिम र नियन्त्रण गर्ने तरिका



**डा कपिलदेव उपाध्याय**

रिस ज्यादै शक्तिशाली भाव हो। मानिस रिसाएको वेलामा आफुलाई नियन्त्रण गर्न निकै कठिन हुन्छ । रिसको झोकमा धेरै कुटपिट, हिंसा र हत्यासम्मका घटना हुने गरेका छन । कहिले काँही त कसरी धेरै यति ठूलो घटना भयो भन्नेसम्म पनि रिसाएको मानिसलाई थाहा पाउँदैन । रिसकै कारण पारिवारिक कलह, झगडा, वेमेल, पारपाचुके जस्ता परिमाण हुन्छ । झगडाको नकारात्मक असर बच्चाबच्चीमा समेत पर्छ ।

धेरै मानिसहरुलाई लाग्छ होला रिस त अलिकति हुनै पर्छ । रिस नै भएन भने अरूले हेपी हाल्छन नी । नेपाली समाजमा भनाई नै छ, रिस खा आफुलाई अर्थात रिसले सबैभन्दा बढी नोक्सान आफुलाई नै गर्छ भन्ने कुरा धेरैलाई थाहा छ । हामी रिसाउँदा खेरी हाम्रो मशितस्कबाट धेरै किसिमका रासायनिक तत्वहरु निस्कन्छन र त्यस्तै गरेर शरीरबाट एड्रेनलीन र कर्ट्रिसोल जस्ता रासायनिक पदार्थहरु निस्कन्छन ।

यी पदार्थहरुले मुटुको धड्कन बढाउछन, रक्तचापलाई बढाउछन र शरीरलाई लड्न वा भाग्नको लागि तयार गर्छन । हजारौ वर्ष पहिले जब मानिसहरु जंगलमा बस्थे र जंगली जनावरको शिकार गरेर आफ्नो पेट भर्दथे त्यसवेला जनावरहरुसँग लड्न सक्थे, मार्न सक्थे वा ज्यान बचाएर भाग्न सक्ने क्षमताको वास्तविक आवश्यकता थियो ।

प्रकृतिले मानवलगायत सम्पूर्ण जीवहरुमा बाँच्ने आधारका लागि लड्ने वा भाग्ने व्यवस्था गरेको हुनुपर्छ । सभ्याताको विकाससंगै आजकल सामान्यतय: लड्ने वा भाग्ने अवस्था आउदैन तर रिसाएको बेलामा शरीरलाई लड्न वा भाग्न तयार पार्ने काम पहिले जस्तै नै हुन्छ । रिसाएको बेलामा निस्कने विभिन्न रासायनिक पदार्थहरु निस्कन्छन र तिनले नराम्रो असर पार्दछन ।

**रिसका किसिमहरु**

**(१) कडा रिस**

यस्तो रिस धेरै लामो समयदेखि हुन्छ र आफ्नो जीन्दगीदेखि नै रिस उठेको हुन्छ र अरु सबै प्रति पनि रिस उठिरहन्छ ।

**(२) आबेस**

अचानक, एक्कासी रिस उठ्छ, तथा नाम गाली गर्ने र कुटपिट गर्ने समेत हुनसक्छ र छिट्टै रिस सेलाउँछ ।

**(३) प्यासिभ रिस**

रिस उठेको हुन्छ तर, देखाउने तरिका भिन्दै हुन्छ । घुमाउरो पाराले, अरूलाई भनेको जस्तो गरेर वा वोल्दै नवोली आफ्नो रिस पोख्ने गर्छन ।

**(४) आफैमा पोख्ने रिस**

रिस अरूसँग उठेको हुन्छ तर उनीहरुले आफैलाई चोट पुऱ्याउने, दु:ख दिने जस्ता व्यवहार देखाउछन् । जस्तै शरीरका विभिन्न अंगमा घाँउ बनाउने, खाना खान नमान्ने वा लागु पदार्थ वा रक्सीको सेवन अत्याधिक गर्ने ।

**(५) सकारात्मक रिस**

रिस अत्यन्त शक्तिशाली इनर्जी हो र यो उठी सकेपछि कुनै न कुनै रुपमा खर्च हुनै पर्छ । कसै कसैले यो रिसलाई राम्रो काममा लगाउन सक्छन् । जस्तै रातदिन खटेर सामाजिक सेवा गर्ने वा रिसलाई आफ्नो खेलकुद वा घरको काममै लगाएर शक्ति खर्च गर्ने ।

**रिसले निम्त्याउने रोग**

रिसले टाउको दुख्ने, ब्लड प्रेसर बढ्ने, अल्सर हुने, छालाको रोगहरु हुने वा लागु पदार्थ वा मद्यपानको सेवन जथाभावी गर्ने हुनसक्छ ।

**रिसको व्यवस्थापन**

रिसको व्यवस्थापन गर्नको लागि रिस कुन ठाउँवाट उठ्छ भन्ने जान्नु आवश्यक छ । लिम्बीक सिस्टमको एमिगडेला भन्ने ठाउँबाट रिस उठ्छ । एमिगडेलामा उठेको रिस ठिक होइन भन्ने सुझाव प्रिफ्रोन्टल कर्टेक्सले दिन्छ । रिस उठेको बेलामा मलाई रिस उठेको छ भन्ने विचार मनमा ल्याउन सक्यो भने प्रिफ्रोन्टल कर्टेक्स एक्टीव हुन्छ र रिसलाई कट्रोल गर भन्ने निर्देशन एमिगडेलालाई दिन्छ । अर्थात रिस उठेको बेलामा मलाई रिस उठेको छ भन्ने याद गर्ने र ४/५ पटक लामो स्वास लिने र छोड्ने गर्ने वानी गऱ्यो भने रिस कम भै हाल्छ । रिस कम हुनु भनेकै आफुलाई र अरुलाई हानी नोक्सानी हुने काम नगर्नु हो र आफुलाई लाग्न सक्ने विभिन्न रोगहरुबाट वच्ने राम्रो उपाए पनि हो । (डा कपिलदेव उपाध्याय, वरिष्ठ मनो चिकित्सक तथा स्ट्रेस काउन्सेलर) स्वास्थ्य खबरबाट

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# एक महिनाभित्रै आइसियु सेवा संचालनमा ल्याउने गरि गृहकार्य हुँदै : डा. झा



**राजविराज**/राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालले एक महिनाभित्रै आइसियु सेवा संचालनमा ल्याउने गरि गृहकार्य अन्तिम चरणमा पुगेको जानकारी दिएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले विगत ६ महिनाको अवधीमा अस्पतालले गरेको काम बारे जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिएका हुन्।

आयोजित पत्रकार सम्मेलनमा डा. झाले सेवा र सुविधा सुधारका लागि भएका काम, भावी योजना तथा चुनौती बारे जानकारी दिदै विगतका कमिकमजोरीहरु सुधार गर्दै नयाँ नयाँ सेवा बिस्तार गर्न लागिपरेको जनाए।

डा. झका अनुसार यसअवधीमा अस्पतालमा सिटि स्क्यान सेवाका लागि भवन मर्मत सम्भार र सिटि स्क्यान जडान गरि सेवा सूचारु गरिएको छ।

यस्तै आधुनिक पोष्टमार्टम भवन (रेफ्रिजेरेटर क्याबिनेटसहित), कोभिड अस्पतालका लागि २५ वेडको एचडियु सेवाको काम, कंगारु मदर केयरका लागि आवश्यक व्यवस्थापन कार्य सुरु र तीन सय केभिएको ट्रान्सफरमर जडान गरिएको छ।

यसबाहेक अस्पतालमा रिक्त जनशक्ति करार सेवामा विज्ञापनमार्फत पदपूर्ती गरिएको उनले बताए। अस्पतालले यसअघि सेवा दिन असमर्थ रहेका दर्जनौं जटिल प्रकृतीको शल्यक्रिया र बिरामीको उपचार गर्न सफल भएको छ।

डा. झाले कोभिड १९ का लागि पिसिआर ल्याब स्थापनासँगै आवश्यक जनशक्ति करारमा भर्ना गरि सेवालाई बिस्तार गरिएको बताउँदै अस्पताल प्रवेश गर्ने सडक, कुरुवा घर निर्माणका साथै वर्षैदेखी अस्पतालमा काम नलाग्ने कवाडी अवस्थामा राखिएका सरसामान लिलामी गर्ने प्रक्रिया समेत अघि बढाइएको जानकारी पनि दिए।

यतिमात्र नभएर अस्पतालले भावी दिनमा व्यवस्थित क्यान्टिन निर्माण, एटिएम जडान तथा बैंक बिलिङ काउन्टरको स्थापना, प्रहरी बिटलाई व्यवस्थित र अस्पताल मातहतमा रहेका सटरहरुको मर्मत गरि भाडामा लगाउने तथा सरसफाईलाई व्यवस्थित गर्न टेन्डर प्रक्रिया लगायतका कार्यक्रमहरु समेत अघि बढाइएको उनको भनाई छ।

स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई व्यवहारमा सुधार ल्याउन र नागरिक मैत्री बनाउन आवश्यक तालिमको व्यवस्था समेत गर्न लागिएको जानकारी दिदै डा. झाले सबैको सकारात्मक सहयोगले सुधार सम्भव हुँदै गएको जिकिर गरे।

विगतमा रेफरल सेन्टरको उपाधी पाएको यस अस्पतालले आफ्नो छबी सुधार गर्दै अहिले प्रभावकारी सुविधा तथा सेवा प्रदान गर्न थालेपछि बिरामीको विश्वास समेत जितेको छ।

# सडक दुर्घटनामा एक बालिकासहित दुईको मृत्यु

**राजविराज**/सप्तरीको कंचनरुप खण्डमा बसको ठक्करबाट एक साइकल यात्रीको मृत्यु भएको छ।

सो ठक्करबाट साइकल सवार कंचनरुप नगरपालिका ११ बस्ने ३५ वर्षिय मनोज कुमार चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ।

पूर्वपश्चिम राजमार्ग अन्तरगतको सडकखण्डमा पश्चिमबाट पूर्वतर्फ आइरहेको ना.६ख. ४८४२ नम्बरको यात्रुबाहक बसले विपरीत दिसाबाट गइरहेको साइकल यात्रीलाई ठक्कर दिएको थियो।

दुर्घटना पश्चात् तत्कालै चौधरीलाई स्थानिय धर्मेश्वर अस्पताल लगिएको थियो। तर, अवस्था गम्भिर भएपछि थप उपचारका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यता ठक्कर दिने बसलाई नियन्त्रणमा लिइए पनि चालक भने फरार रहेको र खोजि कार्य भइरहेको डिएसपी भुवनेश्वर साहले जानकारी दिए।

यसअघि गत बुधबार बा.१७च. ३७८६ नम्बरको कारको ठक्करबाट गम्भिर घाइते भएकी डाक्नेश्वरी नगरपालिका ९ की ५ वर्षिया प्रिन्सिका कुमारी चौधरीको मंगलबार उपचारका क्रममा मृत्यु भएको छ।

शम्भुनाथ सडकखण्डमा सो कारले ठक्कर दिँदा गम्भिर घाइते भएकी बालिका चौधरीलाई उपचारका लागि बिराटनगरस्थित न्यूरो अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा मंगलबार बिहान उनको मृत्यु भएको डिएसपी साहले बताए।

# सितलहर प्रतिकार्यका लागि आर्थिक सहयोग

**राजविराज**/सप्तरीको सप्तकोशी नगरपालिकालाई सितलहर प्रतिकार्यका लागि कोशी पीडित समाजले ८ लाख ८९ हजार बराबरको चेक हस्तान्तरण गरेको छ।

समाजका कार्यकारी निर्देशक देव नारायण यादबले नगद सहयोग कार्यक्रम संचालन गर्न नगरपालिका प्रमुख उत्तम गौतमलाई उक्त चेक हस्तान्रतण गरेका हुन्।

सो अवसरमा नगरप्रमुख उतम गौतमले सप्तकोशी नगर भित्रका बिपन्न र संकटासन नगरवासीहरूलाई नगद सहयोग गरी सितलहर प्रतिकार्य क्षमता बढाउन संस्थावाट प्राप्त रकम लक्षित समुहमा पुऱ्याउने प्रतिबद्धता जनाए।

यस्तै निर्देशक यादबले सप्तकोशी नगरपालिका भित्र संकटासन र अति बिपन परिवारहरूको सितलहर प्रतिकार्य क्षमता अभिबृद्धिका लागि डिसिएसँगको सहकार्यका संचालित ईनोभेसन परियोजना अन्तर्गत आर्थिक सहयोग गरेको जानकारी दिए।

उक्त नगरपालिका वडा नं. २, ३, ६ र ७ मा रहेका जेष्ठ नागरिक अपांगता, एकल महिलाहरूलाई लक्षित गरि सहयोग गर्ने उद्देश्यले परियोजनावाट नगरपालिकालाई नगद सहयोग गरेको परियोजनाका प्रविण यादबले जानकारी दिए।

# हात्तिद्वारा तरकारी खेती नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा सोमबार बिहान ३ बजेतिर आएका जंगली हात्तिको समूहले तरकारी खेती नष्ट गरेको छ।

कोशी टप्पुर वन्य जन्तु आरक्षबाट आएका ५ वटा हात्तिको समूहले सुरुङ्गा नगरपालिका वडा नं. ५ स्थित कुशहाका ४/५ परिवारले लगाएको तरकारी खेती नष्ट गरेको हो।

ती परिवारले आफ्नो खेतमा लगाएको काउली, आलु, खुरसानी, भान्टा लगायतको तरकारी खेती पूर्ण रुपले खाएर नष्ट गरेको स्थानियहरुले जनाएका छन्।

यसअघि पनि जंगली हात्तिको समूहले सो क्षेत्रमा बारम्बार धनजनको क्षति गर्दै आएको छ भने ज्ञएक हप्ता अघि मात्र हात्तिका कारण एक बृद्धको ज्यान समेत गएको थियो।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विद्यालय र स्वास्थ्य चौकीलाई नयाँ संरचना हस्तान्तरण




**राजविराज**/सप्तरीका एक विद्यालय र स्वास्थ्य चौकीको संरचनालाई नयाँ शैलीमा मर्मत तथा निर्माण गरि हस्तान्तरण गरिएको छ ।

बि.स. २०७२ सालको विनाशकारी भुकम्पबाट क्षति भएका राजविराज ७ स्थित राष्ट्रिय आधारभुत विद्यालय र वडा नं. १ डुमरीस्थित स्वास्थ्य चौकीलाई नयाँ शैलीमा निर्माण गरि हस्तान्तरण गरिएको हो ।

युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र राजविराज नगरपालिकाको समन्वयमा सप्तरी सामुदायिक विकास केन्द्र नेपाल राजविराजले नवनिर्मित तथा मर्मत सम्भार गरिएका संरचनाहरु एक कार्यक्रमबीच बिहीबार विद्यालय र स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेको छ ।

केन्द्रद्वारा संचालित संस्थागत खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन परियोजना अन्तरगत विद्यालयमा ४ लाख ३१ हजार ५४ रुँपैयाको लागतमा हात धुने स्थानको नवनिर्मित संरचनासहित मर्मत सम्भार गरिएका दुई वटा शौचालय, दुई वटा युरिनल, एउटा सेफ्टी ट्याङ्क, एक कक्षा कोठा, हाते कल, हातधुने स्टेशन, नवनिर्मित पर्खाल लगायतका भवन र संरचना हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् । सोही क्रममा विद्यालयका बालबालिकालाई सुरक्षा सामाग्रि किटसमेत बितरण गरिएको छ ।

उनले विद्यालय तथा स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहेको समेत बताए ।

यस्तै राजविराज १ डुमरीस्थित स्वास्थ्य चौकीलाई पनि २ लाख ८७ हजार ९ सय ४५ रुँपैयाको लागतमा निर्माण गरिएको टायल्ससहितको हात धुने स्थानको निर्माण, मर्मत सम्भार गरिएका दुई शौचालय, दुई युरिनल, सेफ्टी ट्याङ्क, पानी तान्ने मोटर, हातेकल लगायतका सामाग्रि, भवन र संरचनाहरु हस्तान्तरण गरिएको छ ।

भवन, संरचना र सामाग्रि हस्तान्तरण भन्दा अगाडी प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्य तथा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका कार्यकारी अधिकृत मदन बहादुर थापा, शिक्षा अधिकृत भोगेन्द्र यादव सहितको टोलीले त्यसको अनुगमन समेत गरेका थिए । सो क्रममा उनीहरुले केन्द्रको कामको प्रशंसा गर्दै प्राप्त सहयोगको सदुपयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

# एनएमबी बैंकको दुई स्थानमा शाखारहित बैंकिङ सेवा सुरु




**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र तिरहुत गाउँपालिकामा एनएमबी बैंकको शाखारहित बैकिङ कारोबार सुरु भएको छ ।

तिलाठी कोइलाडी वडा नं. ८ स्थित तोपा चौक र तिरहुत गाउँपालिका वडा नं. ४ स्थित डिमनमा शुक्रबार सो शाखारहित बैकिङको उद्घाटन गरिएको हो ।

तिरहुत गाउँपालिकाका अध्यक्ष हेमन्त बहरखेरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा एनएमबी बैंक प्रदेश नम्बर २ का अप्रेशन हेड सबिन अर्जेलले बैंकमा सबै नागरिकको पहुँच गराउने उद्देश्य रहेको जानकारी दिएका छन् ।

बैंकका अप्रेशन हेड अर्जेलले शाखारहित बैंकिङमा उपकरणको प्रयोग गरि फिङगर प्रिन्ट र डेविट कार्डको माध्यमबाट सजिलै खाता खोल्न सकिने, रकम जम्मा, निकाल्न, मोवाईल रिचार्ज, डिसहोम रिचार्जका साथै बिजुलीको बिल बुझाउन लगायतका सुविधा रहेको जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष बहरखेरले बैंकको सेवामूलक शाखारहित बैंकिङ प्रणलीबाट गाउँपालिकाका आम नागरिकले अब बैंकिङ सेवाको लागि बाहिर जानुपर्ने झन्झट मुक्त भएको जिकिर गरे । उनले आउदो दिनमा तिरहुत गाउपालिकामा शाखारहित होईन शाखासहितको एनएमबी बैंकको लागि पहल गर्ने समेत बताए ।

कार्यक्रममा एनएमबी बैंक तिलाठी कोईलाडीका म्यानेजर दिपेन्द्र दासले यस शाखाको मातहतमा रहि दुवै शाखारहित बैंकिङ सेवाका एजेन्टले काम गर्ने जानकारी दिए ।

# सवारी दुर्घटनामा दुईको मृत्यु

**सिरहा**/सिरहाको छुट्टाछुटै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

पूर्व पश्चिम राजमार्गअन्तर्गत लहान नगरपालिका १ पडरियास्थित सडकमा यात्रुबाहक बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे १ ख १६७५ नम्बरको भाग्यरेखा ट्राभल्सले सोही दिशामा जाँदै गरेको स १० प ९८४९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक खोटाङको रुपाकोट मझुवागढी नगरपालिका ४ निवासी ३२ वर्षीय हिराबहादुर राईको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते राईको लहानस्थित रामकुमार उमा स्मारक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानले जनाएको छ ।

त्यस्तै सिराहाको नरहा गाउँपालिका ३ स्थित सडकमा बिहीबारै उखु लोड गरेको ट्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक स्थानीय ३० वर्षीय मो नइम खाँको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश २-०२-००१ त ०७६८ नम्बरको ट्याक्टरले पूर्वबाट पश्चिम जाँदै गरेको ज ११ प २१७८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा गम्भीर घाइते खाँलाई उपचारका लागि मिर्चैयास्थित मङ्गलम हेल्थ केयर सेन्टर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

आफ्नो घर, व्यवसायमा
बालबालिकालाई श्रममा नलगाऔं,
अरुलाई पनि बालश्रम प्रयोग नगर्न
सूचित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# युथ क्रिकेट एकेडेमी र इजिवर्ल्ड फाईनलमा भिडने



**राजविराज**/राजबिराज क्रिकेट लिगको उपाधीका लागि यूथ क्रिकेट एकेडेमी र इजिवर्ल्ड इन्जिनियरिङ फाइनलमा भिड्ने भएका छन् ।

राजबिराज स्पोर्टस क्लबको आयोजना तथा सप्तरी क्रिकेट संघसंगको सहकार्यमा शनिबार सम्पन्न सेमिफाईनल खेलमा युथ क्रिकेट एकेडेमीले सबल नेपाललाई तथा इजिवर्ल्ड ईन्जीनियरिंगले लायन्स क्रिकेट एकेडेमीलाई पराजित गर्दै आईतवार हुने फाइनलमा स्थान पक्का गरेका हुन् ।

सम्पन्न पहिलो सेमिफाईनलमा लायन्स क्रिकेट एकेडेमीले टस जिती पहिलो ब्याटिंगका लागि ईजिवर्ल्ड निम्तो दिए पछि ब्याटिंग गर्न आएका इजिवल्डले निर्धारित २० ओभरको खेलमा ७ बिकेटको नोक्सानीमा १ सय ४२ रन जोडेका थिए ।

ईजिवर्ल्डका लागि किर्तिमानी खेलाडी महवुव आलमले बिष्फोटक ब्याटिंग गर्दै १९ बलमा २ चौक्का र ५ छक्काको मद्धतले ४५ रनको योगदान दिएका थिए भने अन्य ब्याट्सम्यानमा निरज यादवले २५ तथा रोहन बिकले २४ रनको योगदान दिएका थिए । बलिंगतर्फ लायन्सका चित्र बहादुर बिष्ट, बिजय दास र सुर्दशन सिंहले सामान २ बिकेट लिएका थिए भने अभिषेक कार्किले १ बिकेट लिएका थिए ।

एक सय ४२ रनको लक्ष्य लिई मैदानमा ओर्लेको लायन्सले १५ ओभर ४ बलमा सम्पुर्ण बिकेट गुमाई ८० रनमात्र जोडन सकेपछि ६२ रनको पराजय भोग्नु परेको थियो । लायन्सलाई सस्तोमा समेटन ईजिवर्ल्डका रोहित सिंहले घातक बलिंग गर्दै ४ ओभरमा १२ रनदिई महत्वपुर्ण ४ बिकेट लिएका थिए । अन्य बलरमा अनिल यादवले ३ तथा रोविन सिंह र महवुव आलमले क्रमश : २ र १ बिकेट लिएका थिए । उत्कृष्ट बलिंग गरे वापत ईजिवर्ल्डका रोहित सिंह म्यान अफ द म्याच भएका थिए ।

यस्तै शनिवारै सम्पन्न अर्को सेमिफाईनलमा सबल नेपालले टसजिती पहिलो ब्याटिंगको लागि युथ क्रिकेट एकेडेमीलाई ब्याटिंगको लागि निम्तो दिएपछि ब्याटिंग गर्न आएको युथले निर्धारित २० ओभरको खेलमा ८ बिकेट गुमाई १ सय ४६ रन बनाएका थिए । युथका लागि बिवेक यादवले ३७ बलमा ६ चौक्काको मद्धतले ४९ रनको योगदान दिएका थिए भने मो समिरले २२, पप्पु यादवले २० तथा नितेश यादवले १७ रनको योगदान दिएका थिए । बलिंग तर्फ सबल नेपालका राहुल मण्डलले ३ तथा प्रसान्त केसिले २ बिकेट लिएका थिए भने बिकास दास र राज राँयले सामान १ बिकेट लिएका थिए ।

एक सय ४७ रनको लक्ष्य लिई मैदानमा ओर्लेको सबल नेपाल रोमान्चक खेलमा ८ बिकेट गुमाई १ सय ३६ रनमात्र जोडन सकेपछि १० रनको हार ब्योहोरेको थियो । सबल नेपालका लागि राहुल मण्डलले उत्कृष्ट ब्याटिंग गर्दै ५ चौक्का र १ छक्काको मद्धतले ५२ रनको योगदान दिएका थिए भने प्रसान्त राई १९, अमित दास १८ र प्रसान्त केसिले १० रनको योगदान दिएका थिए । बलिंग तर्फ बिवेक यादव, गोमानन्द अमात, नविन मण्डल र पप्पु यादवले सामान १ बिकेट लिएका थिए । खेलमा उत्कृष्ट खेल खेले वापत युथ एकेडेमीका बिवेक यादव म्यान अफ द म्याच भएका थिए ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# अन्तर्राष्ट्रिय समाचार

## किसानका समस्या समाधानका लागि सरकार प्रतिबद्ध

**नयाँ दिल्ली**/कृषि क्षेत्रको सुधारसम्बन्धी कानूनमाथि असन्तुष्टि जनाउँदै आन्दोलनरत भारतीय किसानसँग समस्या समाधानका लागि नयाँ चरणको वार्ताका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार आग्रह गर्नुभएको छ ।

भारतीय किसानको आन्दोलनको एक महिनाको अवधि पूरा हुँदा प्रधानमन्त्रीले नयाँ चरणको वार्ताका लागि आग्रह गर्नुभएको हो । भारतको नयाँ दिल्ली प्रवेश हुने विभिन्न नाकामा रहेका राजमार्गहरूमा दशौं हजार किसानहरूले नोभेम्बर २६ देखि थालेको आन्दोलन सरकारका लागि एउटा जटिल समस्या बनेको छ । किसानहरूले सरकारद्वारा केही समय पहिले कृषि क्षेत्रको सुधारका लागि गरेको खासगरी तीन विधेयक किसानको हितमा नभएको आन्दोलनरत किसान समूहको जिकिर छ ।

उनीहरूले सरकारले गहुँ र चामलको मूल्य नतोकी ठूला व्यवसायीलाई मूल्यको जिम्मा छोडिदिँदा यो किसानकोभन्दा बढी उद्योगीको पक्षमा रहने र किसानहरू यसबाट मारमा पर्ने बताउँदै आएका छन् । देशभरका लाखौं कृषकहरूका लागि प्रत्यक्ष प्रसारण गरिएको भाषणमा प्रधानमन्त्री मोदीले सेप्टेम्बरमा पारित कानूनहरूले किसानले चाहेको व्यक्ति वा संस्थालाई आफ्नो उत्पादन बेच्नसक्ने र कृषि क्षेत्रमा रहेको कुप्रथालाई हटाउने बताउनुभयो ।

उहाँले भन्नुभयो, “सरकारको कदमका कारण स्थानीय बजारहरू बन्द हुन्छन् र सरकारद्वारा तोकिएको न्यूनतम समर्थन मूल्य रोकिन्छ भन्ने भ्रूट फैलाइँदैछ । यसका पछाडि नलाग्न र किसानको अधिकारको नाममा राजनीतिक स्वार्थ पूरा गर्ने समूहसँग किसान होसियार रहनुपर्छ ।”

भारतीय जनता पार्टीको अगुवाईमा पहलमा गत वर्ष नौ करोड भारतीय किसानहरूको हितका लागि भन्दै दुई अर्ब ५० करोड अमेरिकी डलर बराबरको आर्थिक योजना सञ्चालन गरेको प्रधानमन्त्री मोदीले चर्चा गर्दै उहाँले आफूले किसानहरूको अहित नचाहेको र उनीहरूसँग पुन: अर्को चरण वार्ता गर्न चाहेको बताउनुभयो ।

प्रत्यक्ष नगद स्थानान्तरण योजना अन्तर्गत साना किसानहरूले एक बर्षमा चार किस्तामा छ हजार रुपैयाँ पाउनेगरी सरकारले कार्यक्रम ल्याएको थियो । मोदीले भिडीयो सम्मेलनका माध्यमबाट बिभिन्न राज्यका सात किसानहरूसँग कुराकानी गर्नुभएको थियो भने उनीहरूले सरकारको सुधार कार्यक्रमको प्रशंसा गरेका थिए ।

भारतमा करिब एक अर्ब ३५ करोड नागरिकमध्ये ७० प्रतिशत नागरिक कृषिमा आश्रित छन् र उनीहरूको राष्ट्रिय अर्थतन्त्रमा करिब १५ प्रतिशत योगदान रहको छ । एजेन्सी

## मध्य अफ्रिकी प्रमुख विद्रोही समूहद्वारा युद्धविराम भङ्ग

**मध्य अफ्रीकी गणतन्त्र**/मध्य अफ्रिकी गणतन्त्रमा सरकारसँग संघर्ष गरिरहेका विद्रोही गठबन्धनले आम चुनावको तीन दिनअघि युद्धविराम भङ्ग भएको घोषणा गरेको छ ।

साताको अन्तिम समय शुक्रवार ‘पेट्रियट्स फर चेन्ज’ (सीपीसी) को गठबन्धनले सरकारले युद्धविरामका लागि जिम्मेवार नवनेको दावी गर्दै भनेको छ, “नागरिकले सरकारको गैरजिम्मेवारपूर्ण एवम् जिद्दीपूर्ण व्यवहारका कारण सीपीसीले युद्धविराम भङ्ग गर्नु परेको छ ।”

दुई प्रमुख विद्रोही समूहले एएफपीलाई पुष्टि गरेको बयानमा सरकारले निर्वाचनका समय युद्धविरामको सट्टा आफ्ना विरोधीलाई दवाउने नीति लिएकोले सीपीसीले निर्वाचनको पूर्वसन्ध्यामा देशमा जारी युद्धविरामलाई भङ्ग गर्नुपरेको बताइएको छ ।

आँफैले निर्वाचनका लागि ७२ घण्टा युद्धविरामको घोषणा गरेपनि यसप्रति सरकार जिम्मेवार नबन्दा यसलाई भङ्ग गरी आफ्नो उद्देश्यमा अघि बढ्न सीपीसी बाध्य बनेको छ । एजेन्सी

## संकटकाल आवश्यक नभएको जापानका प्रधानमन्त्रीको भनाइ

**टोकियो**/जापानका प्रधानमन्त्री योशिहिडे सुगाले जापानमा संकटकाल लगाउन आवश्यक नभएको बताउनुभएको छ ।

कोरोनाभाइरसको महामारी फैलिन रोक्न जापानमा संकटकाल लगाउने वा नलगाउने भन्ने चर्चा चलिरहेका समय प्रधानमन्त्री सुगाले शुक्रबार देशव्यापी संकटकालको आवश्यकता नभएको बताउनुभएको हो । राजधानी टोकियोलगायतका सहरहरूमा कोरोनाभाइरसको महामारी बढीरहेका बेला उहाँले यस्तो बताउनुलाई महत्वका साथ लिइएको छ ।

वर्ष सन् २०२० को अन्तिम पत्रकार सम्मेलनमा उहाँले कोरोना महामारी नियन्त्रणसम्बन्धी विज्ञहरूको उच्चस्तरीय टोलीले आफुलाई अव संकटकालको आवश्यकता नरहेको बताएको जानकारी दिनुभयो । उनीहरुको सुझाबकै कारणले अहिले आफु संकटकाल घोषणा गर्ने तयारीमा नरहेको पनि प्रधानमन्त्री सुगाले स्पष्ट पार्नुभयो ।

उहाँले क्रिसमस र नयाँ बर्ष मनाउने क्रममा जापानमा रहेकाहरुले शान्तिपूर्वक र सतर्कता पूर्वक मनाउने विश्वास पनि व्यक्त गर्नुभयो । घर भित्र पारिवारिक जमघट बाहेक अन्य भिडभाड उनीहरुले नगर्ने अपेक्षा पनि प्रधानमन्त्री सुगाले व्यक्त गर्नुभएको थियो ।

“कृपया भेटघाट र भिडभाडलाई नियन्त्रण गर्नुहोला, त्यस्तोमा सकेसम्म संलग्न नहुनु होला, त्यति गर्नासाथ कोरोनभाइरसको महामारी धेरै कम हुन्छ,” उहाँले भन्नुभयो । प्रतिवन्धात्मक व्यवस्था र आधारभूत स्वास्थ्य मापदण्ड पालना गर्दै निश्चित अवधिका लागि मात्रै व्यापारिक प्रतिष्ठानहरु खोल्न अनुमति दिइएको छ ।

राजधानी टोकियोमा मात्रै दैनिक नौ सयको हाराहारीमा नयाँ सङ्क्रमित थपिने गरेका छन् । शुक्रबार अहिलेसम्मकै दोस्रो धेरै सङ्क्रमित देखिएका छन् । जापानका कोरोनाभाइरसबाट अहिलेसम्म दुई लाख १४ हजार ५१४ जना सङ्क्रमित भएका छन् । ती मध्ये तीन हजार ७९२ जना पछिल्लो २४ घण्टामा थपिएका हुन् । एजेन्सी

# राजरंगशालाको प्यारापिट मूनी बस्ने बिपन्न परिवारलाई राहत बितरण




**राजविराज**/राजबिराज ७ स्थित राजरंगशालाको प्यारापिट मूनी बसोवास गर्दै आएका असहाय तथा सुकुम्बासी परिवारलाई सितलहरबाट जोगिन शनिबार राहतका सामग्री बितरण गरिएको छ ।

मानव अधिकार तथा ग्रामिण युवा परिवर्तन नेपाल (हुर्क) तथा माडवाडी महिला मंचको सहयोगमा प्यारापिट मुनि बस्दै आएका १५ जना गरिव असहाय परिवारलाई राहत बितरण गरिएको हो ।

बितरण गरिएको सामग्रीमा कम्बल एक थान, चामल १५ केजी, ५ केजी गहुँको पिठो, मास्क, सेनिटाईजर, साबुन दुई थान बितरण गरिएको हुर्क नेपालका कार्यक्रम संयोजक रिया राय संचेतीले जानकारी दिएका छन् ।

राजबिराज वडा ५ का वडा सदस्य पार्थो सरकारको अध्यक्षतामा आयोजित सहायता केन्द्र कार्यक्रम अन्तर्गत राहत बितरण कार्यक्रममा नेपाली कांँग्रेस नगर सभापति शंभुलाल देव, माडवाडी सेवा निलम कुचेरपया, उपाध्यक्ष शारदा कावरा, सहसचिव सरिता सिँघी लगायतको उपस्थिति रहेको थियो ।

# पूर्पक्षको लागि दुई जना कारागार चलान

**राजविराज**/सप्तरी जिल्ला अदालत राजविराजले छुट्टाछुट्टै मुद्दाका दुई जनालाई पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ ।

सप्तरीको रुपनी गाउँपालिका ६ का रंजितकुमार भगतलाई पूर्पक्षको लागि राजविराज करागार पठाईएको छ ।

सवारी ज्यान मुद्दाका प्रतिवादी भगतलाई सप्तरी जिल्ला अदालतले राजविराजस्थित करागार पठाउने आदेश सुनाएको हो ।

झण्डै डेढ महिना अघि भगतले चलाएको मोटरसाइकलको ठक्करबाट घाईतेको निधन भएपछि प्रहरीले उनलाई बिरेन्द्र बजारस्थिति घरैबाट मंसिर १० गते पक्राउ गरेको थियो । भगतको सवारी चालक अनुमतिपत्र समेत नभएको प्रहरीको भनाई छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कंचनरुप नगरपालिका ११ मा कार्तिक २८ गते भगत चढेको अन्टेस्ट मोटरसाइकलले वतन नखुलेको पैदल यात्रीलाई ठक्कर दिएको थियो ।

यस्तै सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ४ बस्ने ६५ वर्षिय मलहु रायलाई ज्यान मार्ने उधोग मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## *दुर्लभ वन्यजन्तु ...*



मोटरसाईकल छाडी भागेका थिए ।

बेशका ईन्चार्ज सशस्त्र प्रहरी निरिक्षक दिपक कोईरालाले तस्करीमा संलग्न व्यक्तीको मोटरसाईकल बरामद भएकोले सवारी धनीका आधारमा स्थानिय प्रहरी, यातायात र डिभिजन वन कार्यालयसंग समन्वय गरि खोजि गरिने बताए ।

यस्तै वन्यजन्तु सहित मोटरसाईकल शनिबार डिभिजन वन कार्यालय लाहानका कर्मचारीहरु लाई बुझाईएको छ । जिल्लाको चुरे क्षेत्र आसपासबाट सालकको तस्करी हुन्छ भन्ने गोप्य सुचनाको आधारमा सशस्त्र प्रहरीले उक्त क्षेत्रमा निगरानी बढाउदै आएको थियो ।

सालक संसारको सबै भन्दा बढी तस्करी हुने स्तनधारी जनावर हो । बिश्वमा औषत ५ मिनेटमा एक सालकको हत्या हुने गर्दछ । सालकको खपटा चिनी रोगको औषधी, फिङ्गरप्रिन्टको केमिकल र मासु चिनीयाँ परामपरागत औषधी बनाउन प्रयोग हुने र अन्तराष्ट्रिय बजारमा अत्याधिक माग हुने भएकोले यसको तस्करी बढी हुने गर्दछ ।

बालीनालीको पहरेदार मानिने सालकले बर्षमा ७ करोड कमिला र किरा फट्याङ्गा खान सक्छ । वन्यजन्तुको अवैध व्यापार सम्बन्धी अन्तराष्ट्रिय महा(सन्धी (साईटिस) ले सालकको व्यपारलाई अपराध मानेको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा दुर्लभ तथा संरक्षित वन्यजन्तुको ओखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसार पसार गर्ने व्यक्तीलाई ५ लाख रुपैया देखी १० लाख रुपैया सम्म जरिवाना वा ५ बर्ष देखी १५ बर्ष सम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

## *मृतक सवारी ...*

१० कक्षासम्म पढाई खर्च आफ्नो तर्फबाट बेहोरिदिने घोषणा समेत गरेका छन् । यस्तै ६ वर्षका छोरा र ४ वर्षकी छोरी रहेको मृतक यादवकी धर्मपत्नी सुनितालाई उनको योग्यता अनुसारको अस्पतालमै जागिर मिलाईदिने समेत उनले प्रतिबद्धता जनाएका छन् ।

सो अवसरमा रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, जसपाका केन्द्रिय सदस्य दिनेश कुमार यादव, अस्पतालकी डा. दिपा यादव, स्टोर प्रमुख कामेश्वर रोहिता तथा कर्मचारी र स्वास्थ्यकर्मीको उल्लेख्य उपस्थिती रहेको थियो ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*